# अर्थ बुलेटिन

वर्ष १ अंक ११ जेष्ठ, २०७७

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

कोभिड -१९ को विश्वव्यापी संक्रमणको कारणले मुलुकका समग्र आर्थिक क्रियाकलापहरू प्रभावित भएका छन्। कुल सरकारी खर्च गत वर्षको सोही अवधिको तुलनामा केही वृद्धि देखिएको छ। करको दायरामा केही विस्तार भएतापनि राजस्व संकलनमा केही कमी आएको छ।

कोभिड-१९ को कारण अन्तर्राष्ट्रिय उडान बन्द भएकोले पर्यटन क्षेत्र शिथिल रहेको छ भने लगानी, उत्पादन, व्यापार, निर्माण लगायत विभिन्न आर्थिक क्रियाकपलापमा समेत प्रत्यक्ष प्रभाव परेको छ।

वैदेशिक सहायता प्रतिवद्धतामा उच्च वृद्धि भएको छ। बैंक तथा वित्तीय क्षेत्रको निक्षेप र निजी क्षेत्रमा प्रवाह हुने कर्जा दुवै वृद्धि भएको छ। मूल्य स्थितिमा पनि क्रमिक रुपमा सुधार देखिएको छ। यस अवधिमा निर्यातमा सामान्य वृद्धि भएको र आयात घटेको कारण व्यापार घाटामा कमी आएको छ। चालु खाता घाटा कम भएको छ। शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिमा पनि उल्लेख्य सुधार भएको छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७६/७७ को जेठसम्ममा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रू. ८ खर्ब २६ अर्ब ४५ करोडको तुलनामा ६.८ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ८३ अर्ब पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ६ खर्ब ७० अर्ब ५२ करोड, पूँजीगत खर्च रू. १ खर्ब २६ अर्ब २७ करोड र वित्तीय व्यवस्था तर्फ रू. ८६ अर्ब २१ करोड रहेको छ।

**चार्ट (क): पछिल्लो ५ वर्षको जेठसम्मको खर्चको प्रवृत्ति (रु. अर्बमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन


आर्थिक वर्ष २०७६/७७ को जेठसम्ममा कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको रू.७ खर्ब १९ अर्ब ३९ करोडको तुलनामा ९.९ प्रतिशतले कमी आई रू. ६ खर्ब ४७ अर्ब ८२ करोड रहेको छ। कुल राजस्वमा कर राजस्व रू. ५ खर्ब ८८ अर्ब ३७ करोड र गैरकर राजस्व रू. ५९ अर्ब ४५ करोड रहेको छ।


**चार्ट (ख): पछिल्लो ५ वर्षको जेठसम्मको राजस्व परिचालनको प्रवृत्ति (रु. अर्बमा)**




http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

चार्ट (ग): आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को जेठसम्मको राजस्व संकलनको संरचना




#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर समावेश गरिएको छ ।
स्रोतः अर्थ मन्त्रालय

तालिका (क): राजस्व लक्ष्य र असुलीको विवरण (रू अर्बमा)

| राजस्व शीर्षक | आ.व.२०७६/७७ को संशोधित लक्ष्य | राजस्व असुली | | वृद्धिदर |
|---|---|---|---|---|
| | | २०७५/७६ जेठसम्म | २०७६/७७ जेठसम्म | जेठ सम्मको |
| **भन्सार महशुल** | १५८.५८ | १४१.७१ | १२२.४७ | -१३.६ |
| **मूल्य अभिबृद्धि कर** | २३४.३१ | २१४.९२ | १९१.४१ | -१०.९ |
| आन्तरिक | ८८.०६ | ७५.९० | ७७.१४ | १.६ |
| पैठारी | १४६.२६ | १३९.०१ | ११४.२७ | -१७.८ |
| **अन्तःशुल्क** | १२६.४४ | ११३.९४ | ९०.६७ | -२०.४ |
| आन्तरिक उत्पादन | ७९.७३ | ६९.३६ | ५६.८७ | -१८.० |
| पैठारी | ४६.७० | ४४.५९ | ३३.७९ | -२४.२ |
| **आयकर** | २०८.५४ | १५४.२५ | १६८.१२ | ९.० |
| **अन्य कर#** | २२.६२ | २३.२१ | १५.७१ | -३४.६ |
| **कर राजस्व जम्मा** | ७५०.५० | ६४८.०४ | ५८८.३७ | -९.२ |
| **गैर कर जम्मा** | ७६.५२ | ७१.३६ | ५९.४५ | -१६.७ |
| **कुल राजस्व** | ८२७.०२ | ७१९.३९ | ६४७.८२ | -९.९ |

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्। बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।
स्रोतः अर्थ मन्त्रालय

## करको दायरा विस्तार

आर्थिक वर्ष २०७५/७६ को जेठ मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताहरूको सङ्ख्या ३ लाख ५ सय  ७६ रहेकोमा २०७६/७७ को सोही अवधिमा यस्तो सङ्ख्या २७६ प्रतिशतले बढेर ११ लाख ३० हजार ८५ पुगेको छ। २०७७ जेठ सम्म दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख ६६ हजार ७ सय ४ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १९ लाख ३० हजार ९ सय ५१ पुगेका छन्। मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ५६ हजार ७ सय ३२ पुगेका छन्।त्यस्तै अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ९७ हजार ८ सय ६२ पुगेको छ।

चालु आर्थिक वर्षको जेठसम्ममा ४२ हजार ९ सय ६२ नयाँ करदाताहरू मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। यस अवधिमा अन्तःशुल्कमा दर्ता भएका करदाता २० हजार ४ सय ४८ रहेका छन्।

**तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७६ असारसम्म | २०७५/७६ को जेठसम्ममा थप | २०७६/७७ को जेठसम्ममा थप | प्रतिशत परिवर्तन | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७८३८३ | १४८०४४ | **१८८३२१** | २७.२ | १३६६७०४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३०८० | १५२१०५ | ९३७८७१ | ५१६.६ | १९३०९५१ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | ४२७ | ३८९३ | ८११.७ | ४६३० |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७२२००** | **३००५७६** | **११३००८५** | **२७६.०** | **३३०२२८५** |
| **मू.अ.कर** | २१३७७० | ३३४०३ | ४२९६२ | २८.६ | २५६७३२ |
| **अन्तः शुल्क** | ७७४१४ | १५७१३ | २०४४८ | ३०.१ | ९७८६२ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७७ जेठसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १३ खर्ब १२ अर्ब  ७१ करोड रहेको छ। यस मध्ये आन्तरिक ऋण रू. ५ खर्ब ९४ अर्ब १८ करोड र वैदेशिक ऋण रू. ७ खर्ब १८ अर्ब  ५३ करोड रहेको छ।यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. ३३ अर्ब ८९ करोड बराबरको सावाँ भुक्तानी र रू. १९ अर्ब २४ करोड बराबरको ब्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. १६ अर्ब ५२ करोड र ब्याज रू. ३ अर्ब ५६ करोड भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०७६/७७ को जेठसम्म वैदेशिक सहायता प्रतिवद्धतामा ५६.४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९४ अर्ब ४२ करोड पुगेको छ। यसमध्ये अनुदान सहायता रु. २२ अर्ब ६६ करोड र ऋण सहायता रु. १ खर्ब ७१ अर्ब ७६ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ११.७ प्रतिशत र ८८.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमश: २४.५ प्रतिशत र ७५.५ प्रतिशत रहेको थियो।

## वित्तीय क्षेत्र

२०७६ बैशाखसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको सङ्ख्या ७४६ रहेको छ। गत वर्षको बैशाखसम्म यस्तो सङ्ख्या ७२५ रहेको थियो। २०७६ बैशाखसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ८,३१९ रहेकोमा चालु आर्थिक वर्षको बैशाखसम्म यस्तो सङ्ख्या ९,६९५ पुगेको छ। वार्षिक बिन्दुगत आधारमा २०७६ बैशाखमसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १४.५ प्रतिशतले वृद्धि भई  रु. ३२ खर्ब ८५ अर्ब २ करोड र बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १७.३ प्रतिशतले वृद्धि भई रु. ३५ खर्ब ९२ अर्ब ५२ करोड पुगेको छ ।

## पूँजी बजार

कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचारका लागि नेपाल सरकारले चालेका कदमहरूबाट २०७५ चैत्र ११ देखि बन्द रहेको पूँजी बजार बैशाख २९ र ३० गते केही समय कारोबार भई १२०१.६ विन्दु कायम भएको छ। अतः २०७६ को जेठ मसान्तमा १२६९.६ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७७ जेठ मसान्तमा १२०१.६ विन्दुमा रहेको छ।

## समग्र मूल्य स्थिति

२०७७ बैशाखमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ५.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दर ५.३ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी, फलफूल, मसला, दाल तथा गेडागुडी र मसला उपसमूहको मूल्य वृद्धि उच्च रहेको छ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ को जेठ महिनासम्ममा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.२ प्रतिशतले वृद्धि भई रू. ८८ अर्ब पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू. ८७ अर्ब ८३ करोड रहेको थियो। यस अवधिको कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७१.२ प्रतिशत १.३ प्रतिशत र २७.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ६४.१ प्रतिशत, २.३ प्रतिशत र ३३.६ प्रतिशत रहेको थियो। यस अवधिमा भटमासको तेल, प्रशोधित पाम आयल र जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

तालिका (ग) : जेठ महिनासम्ममा निकासी भएका प्रमुख १० वस्तुहरू (रु. अर्बमा)

| क्र.सं. | वस्तुको नाम | २०७५/७६ | २०७६/७७ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशोधित पाम तेल | ८.७० | १८.३२ | ११०.५ |
| २ | भटमासको तेल प्रशोधित | २.०५ | १०.१३ | ३९३.५ |
| ३ | सेन्थेटिक यार्न | ८.९८ | ६.६२ | -२६.२ |
| ४ | उनी गलैंचा कार्पेट | ६.७७ | ५.५१ | -१८.६ |
| ५ | तयारी कपडा | ५.०६ | ४.०४ | -२०.२ |
| ६ | अलैची | ४.०० | ३.४६ | -१३.६ |
| ७ | फलफुलको जुस | ४.२६ | ३.१२ | -२६.८ |
| ८ | जुटका बुनिएका कपडा | २.६८ | २.७५ | २.५ |
| ९ | अन्य कपडा (ऊनी, सुती, टेरीकटन बाहेकका) | ३.११ | २.६४ | -१५.० |
| १० | चिया | २.८९ | २.०७ | -२८.५ |
| ११ | अन्य | ३९.३२ | २९.३४ | -२५.३८ |

स्रोतः भन्सार विभाग ।

### वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ को जेठ महिनासम्म कुल वस्तु पैठारी रू.११ खर्ब ८१ करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.३ प्रतिशतले न्यून हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी रू. १२ खर्ब ९९ अर्ब ८० करोड रहेको थियो। चालु आर्थिक वर्षको यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६१.३ प्रतिशत, १५.२ प्रतिशत र २३.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ६४.६ प्रतिशत, १४.४ प्रतिशत र २१.० प्रतिशत रहेको थियो। यस अवधिमा कच्चा पाम तेल, भटमासको तेल, दाल तथा गेडागुडी, धान लगायतका वस्तुहरूको आयात बढेको छ भने डिजेल, एम.एस. विलेट, सुन, सिमेन्ट क्लिङ्कर, डोजर, ग्रेडर, लेभलर, तयारी कपडा लगायतका वस्तुको आयात घटेको छ।

तालिका (घ): जेठ महिनासम्ममा पैठारी भएका प्रमुख १० वस्तुहरू (रु. अर्बमा)

| क्र.सं. | वस्तुको नाम | २०७५/७६ | २०७६/७७ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | डिजेल | १०८.५४ | ७८.२२ | -२७.९ |
| २ | एम.एस.विलेट | ६१.९५ | ३८.२७ | -३८.२ |
| ३ | एल पि ग्यास | ३२.७८ | २९.०० | -११.५ |
| ४ | पेट्रोल | ३२.५० | २६.५५ | -१८.३ |
| ५ | तयारी कपडा | २९.६० | २२.५६ | -२३.८ |
| ६ | एच.आर.सिट | २६.१० | २२.१३ | -१५.२ |
| ७ | चामल | २२.९७ | २०.४७ | -१०.९ |
| ८ | हवाइजहाज र हेलिकप्टर | २०.०२ | १८.६० | -७.१ |
| ९ | अन्य कोइला | २४.४२ | १७.७८ | -२७.२ |
| १० | कच्चा पाम तेल | १०.५४ | १७.५६ | ६६.६ |
| ११ | अन्य | ९३०.४० | ८०९.६८ | -१३.० |

स्रोतः भन्सार विभाग ।

### व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को जेठमहिना सम्ममा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.२ प्रतिशतले घटेर रू. १० खर्ब १२ अर्ब ८१ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा रू. १२ खर्ब ११ अर्ब ९७ करोड थियो।

### सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो १० महिनामा कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रू. १ खर्ब ५६ अर्ब ६२ करोडको तुलनामा १४.२ प्रतिशतले कमी आई रू. १ खर्ब ३४ अर्ब ३८ करोड रहेको छ। साथै सेवा खर्चमा १६.६ प्रतिशतले कमी आई रू. १ खर्ब ३७ अर्ब ५१ करोड रहेको छ।

यस अवधिको खुद सेवा आय रू. ३ अर्ब १३ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ८ अर्ब १७ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०७६/७७ को बैशाखसम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.१ प्रतिशतले कमी आई

रू. ६ खर्ब ८० अर्ब ८४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह रू. ७ खर्ब २५ अर्ब ३० करोड रहेको थियो।

### चालु खाता एवम् शोधनान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को बैशाख महिनासम्म शोधनान्तर स्थिति रू. १ खर्ब २० अर्ब ९० करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ६८ अर्ब २० करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. १ खर्ब ५ अर्ब ७४ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. २ खर्ब २१ अर्ब ७७ करोड रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

२०७७ बैशाखमसान्तमा विदेशी विनिमय सञ्चिति रू.१२ खर्ब ३५ अर्ब २५ करोड पुगेको छ। २०७६ बैशाखमसान्तमा यस्तो सञ्चिति रू. १० खर्ब ६० अर्ब ७० करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो १० महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले १०.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

### विनिमय दर

२०७६ असार मसान्तको तुलनामा २०७६ बैशाख मसान्तमा नेपाली रुपैंया अमेरिकी डलरसँग ९.२५ प्रतिशतले अवमूल्यन भई रु. १२०.५१ रहेको छ। २०७६ असार मसान्तमा उक्त विनिमय दर रु १०९.३६ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को महिनासम्ममा कम्पनी दर्ताको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २६.५ प्रतिशतले घटेर १७ हजार ६ सय २४ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २३ हजार ९ सय ६३ रहेको थियो। कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि चालिएका कदमहरूले यस्तो सङ्ख्या घटेको हो।

### पर्यटक आगमन

सन् २०२० को मे महिनामा हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या शुन्यप्राय रहेको छ। सन् २०१९ को सोही अवधिमा यस्तो सङ्ख्या ७८ हजार ३ सय २९ रहेको थियो। कोभिड-१९ को विश्वव्यापी महामारीको कारण आन्तरिक एवम् बाह्य आवागमनको लागि हवाई तथा स्थल यातायातका साधनहरू बन्द भएकोले यसको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा परेको छ।

### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को जेठ महिनासम्म विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.२ प्रतिशतले बढेर ६१४१.४९ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग ५६७६.१ गिगावाट घण्टा रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

- संवैधानिक व्यवस्था अनुसार २०७७ जेठ १५ गते आर्थिक वर्ष २०७७/७८ को आय-व्ययको विवरण (बजेट) संघीय संसदमा पेश गर्न सहायक कानूनहरू-आर्थिक विधेयक, २०७७, विनियोजन विधेयक, २०७७, राष्ट्र ऋण उठाउने विधेयक, २०७७ ऋण तथा जमानत (चौबिसौं संशोधन) विधेयक, २०७७ मूल्य अभिवृद्धि कर (बाईसौं संशोधन) नियमावली, २०७७, अन्तःशुल्क (एक्काईसौं संशोधन) नियमावली, २०७७, भन्सार (एघारौं संशोधन) नियमावली, २०७७ र आयकर (एघारौं संशोधन) नियमावली, २०७७, तथा यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोजनका मालवस्तु सम्बन्धी आदेश, २०७७ तर्जुमा भई व्यवस्थापिका संसद् बाट पारित भएको छ।

- संगठित संस्थाहरुमा योगदानमूलक निवृत्तिभरण योजना संचालन गर्ने सम्बन्धी अवधारणपत्र, स्थानीय तहका कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण योजना, विश्व बैंकबाट सडक विभागलाई हस्तान्तरण भएको गाडीहरुको महसुल छुट, परराष्ट्र मन्त्रालयले कागजात प्रमाणिकरण गर्दा लिने दस्तुर, सामाजिक सुरक्षा ऐन, २०७५ लाई सशोधन गर्न बनेको विधेयक, खर्चको मापदण्ड सम्बन्धी कार्यविधि, प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, प्रविधिको विकास तथा अनुसन्धानको लागि अनुदान वितरण सम्बन्धी निर्देशिका, निजी प्रयोगशालालाई कोभिड-१९ को मोलिक्युलर परीक्षण PCR ( Polymerase Chain Reaction ) Test गर्न अनुमति दिने सम्बन्धी अन्तरिम निर्देशिका, प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ लगायतका नीति/निर्देशिकाहरूमा राय/परामर्श दिइएको छ।

## मन्त्रालयका गतिविधिहरू

- नेपाल सरकार र जापान सरकारबीच अत्याधुनिक प्रविधिको माध्यमबाट भौगोलिक सूचना उत्पादन गर्ने (The Project for the Development of Digital Elevation Model and Orthophoto) आयोजना कार्यान्वयनको लागि करिब रू. १ अर्ब ३२ करोड अनुदान सहायता सम्झौता पत्रमा २०७७ जेठ १२ गते हस्ताक्षर भएको छ।
- नेपाल सरकार र एसीयाली विकास बैंकबीच COVID-19 Active Response and Expenditure Support (CARES) Program को लागि २०७७ जेठ १९ गते रू. ३० अर्ब बराबरको ऋण सम्झौता भएको छ।
- आर्थिक सर्वेक्षण २०७६/७७, सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा -२०७७ तथा आर्थिक वर्ष २०७७/७८ को बजेट संघीय संसदमा पेश भएको छ।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा संघीय संसदमा आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्नु हुदै

- आ.व. २०७७/०७८ को बजेट प्रस्तुति पश्चात स्थानीय विकास साझेदारहरुसँग मिति २०७७ जेठ महिनाको २० गते Virtual Meeting सम्पन्न भएको छ।
- आर्थिक वर्ष २०७७/७८ मा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको संशोधित अनुमानित सीमा, प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने सशर्त अनुदानतर्फ कार्यक्रमसहिको विवरण र अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन सबै प्रदेश र स्थानीय तहमा पठाइएको छ।
- कोभिड-१९ को कारणबाट उत्पन्न असहज परिस्थितिका कारण प्रभावित करदताहरुले आवधिक रुपमा बुझाउनु पर्ने कर विवरण, आय विवरण तथा ती विवरण अनुसार भुक्तानी गर्नुपर्ने कर दाखिला गर्ने म्याद थप गर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको छ। भन्सार विन्दुको पुनंरचना गर्ने विषयमा गठित अध्ययन कार्यदलले भन्सार विन्दु सम्बन्धी र Non-Intrusive Inspection Equipment प्रयोग गर्ने सम्बन्धी अध्ययन सम्पन्न गरी प्रतिवेदन पेश गरेको छ।
- २०७७ जेठ २६ मा World Bank सँग Video Conference को माध्यमबाट Nepal National Single Window को Review Meeting सम्पन्न भएको छ।

## अन्य गतिविधिहरू

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले नेपाल धितोपत्र बोर्डको वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्नुभयो। मा. अर्थमन्त्रीले बोर्ड, नेपालको धितोपत्र बजार विकास तथा सुधारमा सशक्त नियमन निकायको रुपमा अगाडि बढने अपेक्षा गर्दै बजार विकास तथा विस्तार सम्बन्धमा अगाडि बढ्न निर्देशन दिनुभयो। उहाँले लकडाउन पश्चात खुल्ने धितोपत्र बजारमा तरलता ल्याउन बोर्ड तथा सम्बन्धित पक्षहरुले तरलता व्यवस्थापन, मार्जिन कारोवार सम्बन्धी व्यवस्था तथा सहज रुपमा राफसाफ हुने व्यवस्था सम्बन्धमा छलफल गर्नका लागि निर्देशन दिनुभयो।

  अर्थमन्त्री डा. खतिवडाले कम जोखिम लिन चाहने लगानीकर्ताहरुले सामूहिक लगानी कोषमार्फत लगानी गर्न सक्ने परिप्रेक्ष्यमा सोलाई थप व्यवस्थित गर्नका लागि निर्देशन दिनु भयो। उहाँले बजारमा स्थायित्वका लागि संस्थागत लगानीकर्ताहरुको विशेष भूमिका रहने सन्दर्भमा स्टक डिलरलाई अनुमति दिंदा अस्वभाविक उतारचढाव हुनबाट रोक्न सकिने समेत बताउनुभयो। धितोपत्र बजारमा प्राइभेट इक्वीटी, भेञ्चर क्यापिटल, हेज फण्ड जस्ता संस्था तथा उपकरणहरुको प्रवेश भएतापनि लगानीकर्ताहरुमा सो सम्बन्धी ज्ञान कम रहनुका साथै




माननीय अर्थमन्त्री डा. युवराज खतिवडा नेपाल धितोपत्र बोर्डको वार्षिकोत्सव समारोहमा सम्बोधन गर्नुहुँदै

वस्तु विनिमय बजार सम्बन्धमा समेत ज्ञान कमी रहेकोले बोर्ड लगायतका निकायहरुले श्रव्यदृश्य, तालिम, गोष्ठी तथा अन्य प्रसारणका माध्यमबाट प्रभावकारीरुपमा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यहरु गर्नुपर्ने समेत बताउनुभयो। कोभिड-१९ पश्चातको अब विश्व अर्थतन्त्रले नयाँ मोड लिने सन्दर्भमा सार्कस्तरमा पुँजी बजारलाई विकास तथा विस्तार गर्न एक आपसमा प्राविधिक सहयोग तथा सहकार्य गर्न आवश्यक देखिएको समेत बताउनुभयो।